तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल

# तामाकोशी गाउँपालिकाको
# कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष सञ्चालन कायविधि २०७९

कार्यपालिकाबाट स्विकृत मितिः २०७९।०९।०४
राजपत्रमा प्रकासित मितिः

**प्रस्तावनाः**

नेपालको संविधानको प्रस्तावना नै "**समाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने**" र धारा ५० को उपधारा ३ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्धारा तिव्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलव्धीहरुको न्यायोचित वितरण गर्दै आर्थीक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील वनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको बिकास गर्ने राज्यको आर्थीक उद्देश्य हुनेछ भन्ने उल्लेख भएको, त्यस्तै धारा ५१ (घ) को (१) मा सार्वजनिक, निजी, सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र बिकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नितिलाई आत्मसात गर्दै यस पालिकाका जनताको आयआर्जन बृद्धि संगै राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने उदेश्यले तामाकोशी गाउँपालिकाबाट कृषि र पशुपालनको लागि बजेट विनियोजन गरिने छ। उक्त बजेटको कार्यान्वयनको लागि स्थानिय सहकारी संस्थाहरु, सम्वन्धित किसान (व्यवसायी) र गाउँपालिका (स्थानिय सरकार) को साझेदारीमा तामाकोशी गाउँपालिकाले कषि, पशुपालन लगायत उद्यम बिकासका क्षेत्रमा लगानी गरी व्यवसायिक उद्यम मार्फत व्यक्तिको सामाजिक एवं आर्थीक विकासका विभिन्न कृयाकलापहरुमा सहभागी गराउन र गरिबी न्यूनिकरण गरी आर्थीक जिवनस्तर उकास्न कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष स्थापना गर्न वाञ्छनीय भएकोले कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न वनेको ऐन २०७५ को दफा १२(५) र १७ मा व्यवस्था भए वमोजिम तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाले **कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष सञ्चालन कायविधि** २०७९ तयार गरेको छ।

## परिच्छेद— १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष सञ्चालन कायविधि २०७९" रहेको छ।

(ख) यो कार्यविधि तामाकोशी गाउँपालिका गाउँ कार्यपालिका वैठक वाट परित मितिदेखी लागु हुनेछ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "शाखा" भन्नाले गाउँपालिका अन्तर्गतका कृषि विकास, पशु विकास तथा सहकारी शाखालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले गाउँपालिकाद्धारा निर्मित कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५ लाई सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले गाउँपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष सम्झनु पर्छ।

(घ) "जरिवाना" भन्नाले कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषको रकम सम्झौता वमोजिम समयमा भुक्तानी गर्न नसकेमा लाग्ने थप रकम सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले तामाकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तामाकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "पालिका" भन्नाले तामाकोशी गाउँपालिका सम्झनु पर्छ।

(ज) "गाउँकार्यपालिका" भन्नाले तामाकोशी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ।

(झ) "व्याज" भन्नाले कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषको रकम ऋण प्रवाह गर्दा प्राप्त साँवा बाहेकको रकम सम्झनु पर्छ।

(ञ) "व्यवसाय" भन्नाले सहकारी संस्थाका सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यबसाय तथा कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५ को दफा १२ (१) बमोजिमको कार्यलाई सम्झनु पर्छ।

(ट) "सहकारी" भन्नाले कानुन बमोजिम दर्ता भई तामाकोशी गाउँपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ठ) "कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष सञ्चालन समिति" भन्नाले तामाकोशी गाउँपालिका कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष सञ्चालन कायविधि २०७९ बमोजिम गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद — २
## उद्देश्य र क्षेत्र

### ३. उद्देश्यः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकारले आफ्ने नागरिकहरुको आर्थिक उन्नतिका लागि बित्तीय कारोवार गर्न सहजीकरण गर्ने एवं गरिबी न्यूनीकरणका लागि नागरिकहरुलाई सहुलियत ऋण तथा अनुदानको सहज व्यवस्था गर्नु पर्ने कानुनी व्यवस्था गरेको छ। यसै सन्दर्भमा यस गाउँपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषले गरिबी निबारणका लागि आयमुलक स्वरोज़गारी श्रृजना गर्न गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्था मार्फत सहुलियतमा ऋण परिचालन गर्न गाउँपालिकाले कोषको स्थापना गर्नेछ। उक्त कोषको रकमवाट सहकारी संस्थालाई सहुलियत कर्जा उपलव्ध गराई सहकारी संस्था मार्फत आफ्ना नागरिकलाई सहुलियत ऋण उपलव्ध गराई कृषि, पशुपालन तथा कृषिमा आधारित व्यवसाय प्रबर्धन गरी व्यक्तिको आर्थिक जीवनस्तर उकास्नु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ।

**४. कोषबाट सहुलियत ऋण उपलव्ध गराईने क्षेत्र (व्यक्ति वा सहकारी संस्था):** कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषबाट सहुलियत ऋण उपलव्ध गराउँदा देहायका क्षेत्रहरुमा गराईनेछ।

(क) कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५को दफा १२ (१) वमोजिमका कार्य व्यवसायिक रुपमा गर्दै आएका व्यक्तिहरुलाई सहकारी संस्थाको नितिनियम भित्र रही ऋण लगानी गर्ने।

(ख) सामुहिक रुपमा व्यवसाय गर्ने सहकारी संस्थाहरुमा लगानी गर्ने।

(ग) स-साना घरेलु उद्योग, लघु उद्यम तथा कृषिमा आधारित व्यवसायः सहकारीका सदस्यहरुले तालिम प्राप्त गरी घरेलु उद्योग, लघु उद्यम, तथा कृषि र पशुपालनमा आधारित व्यवसाय जस्तैः उनि झोला, ढाका कपडा, मुढा निर्माण, अगरबत्ती उद्योग, मैनबत्ती उद्योग, अचार उद्योग, साबुन उद्योग, वाईन र ससेज उद्योग जस्ता स्थानीय कच्चामाल सामानबाट उत्पादित उद्योग व्यवसायका लागि कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषबाट ऋण प्रवाह गर्न सकिनेछ।

## परिच्छेद — ३

## कोषको स्थापना तथा सञ्चालन सम्बन्धि व्यवस्था

**५. कोषको स्थापनाः (क)** कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषमा देहाय वमोजिमको रकम जम्मा गर्न सकिने छ।

(क) ऐनको दफा ११ (क) (ख) (ग) वमोजिमको क्षेत्रवाट प्राप्त हुने रकम

(ख) ऐनको दफा ११ (घ) वमोजिमको रकमको हकमा गैसस वा साझेदार संस्था, साझेदार सहकारी संस्थाबाट प्राप्त हुने रकम ।

**(ख) खाता सञ्चालनः** कोष सञ्चालनको लागि ऐनको दफा १२ (४) वमोजिमको कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषको खाता सञ्चालनमा ल्याईने छ ।

**(ग) कोष सञ्चालक समितिः** देहाय वमोजिमको कोष सञ्चालक समिति रहने छ ।

(क) अध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समिति र आर्थीक विकास समितिका संयोजक -२ सदस्य

(ग) कार्यपालिका सदस्य मध्येवाट अध्यक्षले तोकेको १ जना - सदस्य

(घ) साझेदार संस्था वा साझेदार सहकारी संस्थाहरुबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना प्रतिनिधि - सदस्य

(ङ) गाउँपालिकाको सहकारी शाखा प्रमुख - सदस्य सचिव

**(घ) प्राविधिक समितिः** देहायको प्राबिधिक समिति रहनेछ।

(१) गाउँपालिकाको कृषि र पशु विकास शाखा प्रमुख मध्ये (जेष्ठताका आधारमा) - संयोजक

(२) गाउँपालिकाको कृषि र पशु विकास शाखा प्रमुख मध्ये (कनिष्ठ) - सदस्य

(३) गाउँपालिकाको उद्यम विकास शाखा प्रमुख - सदस्य

**(ङ) अनुगमन समितिः** देहायको अनुगमन समिति रहने छ ।

(१) उपाध्यक्ष - संयोजक

(२) गाउँपालिकाको कृषि विकास अधिकृत - १

(३) गाउँपालिकाको पशु बिकास अधिकृ - १

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## परिच्छेद–४

## सहुलियत ऋण उपलव्ध गराउने प्रकृया र आवश्यक कागज पत्र सम्बन्धि व्यवस्था

**६. कोषको सहुलियत ऋण लगानीको प्रकृयाः** यस कोषवाट सहुलियत ऋण लिन चाहने व्यक्ति वा सहकारी संस्थाले देहाय वमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ।

**(क) सहकारी संस्था मार्फत व्यक्ति (व्यवसायी) ले सहुलियत ऋण लिँदाको हकमाः**

(१) यस कोषमा साझेदारी गर्ने सहकारी संस्थाको सदस्य हुनुपर्नेछ।

(२) यस कोषमा जम्मा भएको रकम व्यक्तिलाई नभई सहकारी संस्था मार्फत सहुलियत ऋण उपलव्ध गराउने भएकोले व्यक्तिले आफ्नो परियोजना प्रस्ताव सहित सहकारी संस्थामा आबेदन दिनु पर्नेछ।

(३) प्रस्तावकले परियोजनाको ३० प्रतिसत रकम आफैले लगानी गर्ने प्रतिवद्धता जनाई परियोजनाको सुरुवाति चरणमा लगानी सुनिश्चित गर्नुपर्नेछ।

**(ख) सहकारी संस्थाले सामुहिक व्यवसाय गर्दाको हकमाः**

(१) सहकारी संस्थाले सामुहिक व्यवसाय गर्ने भएमा व्यवसायको प्रस्ताव, सञ्चालक समितिको निर्णय र सम्वन्धित वडाको सिफारिस सहित आवेदन गर्नु पर्नेछ।

(२) सहकारी संस्थाले व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण माग गर्दा ५०-५० % अर्थात आधा आधा लगानी गर्ने प्रतिबद्धता सहित आवेदन दिनु पर्नेछ।

(३) सहकारी संस्थाको भौतिक सम्पति भएमा सो धितो र नभएमा सञ्चालक समितिमां रहेका सञ्चालकहरुको निजि सम्पति धितो रोक्का राखी सहुलियत ऋण उपलव्ध गराईनेछ।

(४) सहकारी संस्थाले सामुहिक व्यवसायको लागि कोषबाट लिएको सहुलियत ऋणको व्याज ३ प्रतिसत कायम गरिने छ। सहकारी संस्थाले कोषवाट लिएको साँवा र ३ प्रतिसत व्याजको रकम कार्यतालिका वमोजिम कोषको खातामा जम्मा गर्ने प्रतिबद्धता वमोजिम कोषको खातामा जम्मा गर्नुपर्नेछ।

**(ग) साझेदार सहकारी संस्था (सहुलियत ऋण लिई व्यवसायीलाई लगानी गर्ने सहकारीको हकमा):** सहकारी संस्था मार्फत व्यक्तिलाई सहुलियत ऋण उपलव्ध गराउँदा सहकारी संस्थाले देहायको प्रकृया अवलम्बन गर्नु पर्नेछ।

(१) सहकारी संस्थामा प्राप्त भएका आवेदन र परियोजनाको अध्ययन गरी उपयुक्त परियोजनामा लगानी गर्न आवश्यक भएमा संस्थाको सञ्चालक समितिको बैठकद्धारा स्विकृत गरी वडा समितिको सिफारिस साथ गाउँपालिकाको सहकारी शाखामा निवेदन गर्नुपर्ने छ।

(२) प्रस्तावक वा आवेदकले ३० प्रतिसत लगानी गर्ने हुँदा परियोजनाको बाँकी ७० प्रतिसतलाई १०० प्रतिसत मानी हुन आउने रकमको ५० प्रतिसत रकम साझेदारी गर्ने प्रतिवद्धता सहितको सञ्चालक समितिले निर्णय गर्नुपर्नेछ।

(३) सहकारी संस्थाले परियोजना छनौट भएका व्यक्तिलाई सहुलियत ऋण दिँदा शेयर सदस्यको हैसियतले सहुलियत ऋण लगानी गर्ने छ। यसरी सहुलियत ऋण लगानी गर्दा सम्वन्धित सहकारी संस्थाको सहुलियत ऋण लगानी तथा असुली र धितो सुरक्षण प्रकृयालाई सुनिश्चत गर्नुपर्नेछ।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

(४) सम्वन्धित सहकारी संस्थाले लिएको सहुलियत ऋण भुक्तानी कार्यतालिका वमोजिमको रकम नियमित रुपमा कोषमा जम्मा गर्नु पर्नेछ।

(५) सहकारी संस्थाले व्यवसायीलाई सहुलियत ऋण लगानी गर्दा सहकारी संस्थाले व्यहोर्ने रकम र कोषले उपलव्ध गराउने रकम (परियोजनाको कुल लागतको ७० प्रतिसत) लाई १०० प्रतिसत मान्दा आधा–आधा रकम लगानी हुने भएकोले उक्त रकमको व्याजदर ६ प्रतिसत कायमगरी सहुलियत ऋण लगानी गर्नुपर्नेछ।

(६) सहकारी संस्थाले कोषबाट सहुलियत ऋण लिई व्यवसायीलाई लगानी गर्दा सहुलियत ऋणको व्याज २ प्रतिसत कायम गरिने छ। सहकारी संस्थाले कोषबाट लिएको साँवा र २ प्रतिसत व्याजको रकम कार्यतालिका वमोजिम कोषको खातामा जम्मा गर्नुपर्नेछ।

(७) सहकारी संस्थाले आफ्ना सदस्यहरुका लागि ऋण लगानी माग गर्दा दलित जनजाती, गरिब तथा पिछडिएका बर्ग र क्षेत्रमा प्राथमिकता दिई ऋण माग गर्नु पर्नेछ।

**७. ऋण प्राप्त गर्नका लागि आवश्यक कागजातः**

(क) सहकारी संस्थाको प्रमाण पत्र, विधान र ऋण निति।

(ख) सहुलियत ऋण लिन र सहकारी संस्थाको लगानी सुनिश्चित गर्ने प्रतिबद्धता सहितको सञ्चालक समितिको निर्णय।

(ग) ऋण लगानी गर्ने सदस्यहरुको नामावली, व्यवसाय र प्रस्तावित बजेट सहितको प्रस्ताव पत्र।

(घ) ऋणीको धितो रोक्का वा सम्बन्धित सहकारी संस्था जमानी रहेको निर्णय प्रतिलिपि।

(ङ) सहकारी संस्थाले कोषमा ऋण भुक्तानी गर्ने कार्यतालिकाको बिवरण पर्नेछ।

## परिच्छेद —५

**८. कोष सञ्चालक समिति, प्राविधिक समिति र अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

**(क) कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषः**

(१) कोषमा प्राप्त भएका निवेदन उपर प्राविधिक समितिले छानविन गरी उपयुक्त ठहरेका प्रस्तावहरु सिफारिस गरी कोष सञ्चालक समितिमा पठाउने छ।

(२) प्राविधिक समितिले सिफारिस गरेका प्रस्तावहरु मध्येबाट बजेटको अवस्था विश्लेषण गरी सबै वडामा न्यायपुर्ण लगानी हुने गरी प्रस्ताव स्विकृत गरी कार्यान्वयन गर्नेछ।

(३) कोषबाट स्विकृत प्रस्ताव र सो वमोजिमको बजेट सम्बन्धित सहकारी संस्थामा निकाशा हुनु भन्दा अगाडी कोष र सहकारी संस्था विचमा सम्झौता गरिनेछ।

(४) कोषले प्राप्त गर्ने २ प्रतिसत व्याज र प्रत्येक वर्षको साँवा रकम कोषको खातामा जम्मा भई यस कार्यविधि वमोजिम नै नियमित लगानी गरिने छ। कोषमा प्राप्त रकम अन्य शिर्षकमा खर्च गर्न पाईने छैन।

**(ख) प्राविधिक समितिः** व्यवसायकर्ताको प्रस्ताव प्राविधिक रुपमा उपयुक्त भए नभएको सम्बन्धमा अध्ययन गर्न तपशिल वमोजिमको प्राविधिक समिति रहने छ। उक्त समितिको सिफारिसको आधारमा कोष सञ्चालन समितिले आवश्यक निर्णय लिनेछ।

(ग) **अनुगमन समितिः** कोषवाट लगानी भएको सहुलियत ऋण उपयुक्त परियोजनामा खर्च भए नभएको सम्वन्धमा अनुगमन गर्न देहाय वमोजिमको अनुगमन समितिको गठन गरिएको छ। उक्त समितिले दिएको प्रतिवेदन माथी गाउँकार्यपालिकाले छलफल गरी कोष सञ्चालन समितिलाई आवश्यक सल्लाह सुझाव र निर्देशन दिने छ।

## परिच्छेद — ६

## सहुलियत ऋणको ब्याजदर, हर्जना र जरिवानाका शर्त सम्वन्धि व्यवस्था

**९. सहुलियत ऋणको ब्याजदरः**

(क) कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोषबाट प्राप्त ऋण व्यक्ति (व्यवसायी) लाई लगानी गर्ने सहकारी संस्थालाई उपलव्ध गराउने सहुलियत ऋणको व्याजदर २ प्रतिसत हुनेछ।

(ख) सहकारी संस्थाले व्यवसायीलाई उपलव्ध गराउने सहुलियत ऋणको व्याजदर ६ प्रतिसत भन्दा बढिमा लगानी गर्न पाईने छैन।

(ग) सहकारी संस्थाले कोषवाट लिएको सहुलियत ऋण र संस्थाले लगानी गर्ने रकमलाई मुल लगानी मानी ६ प्रतिसत कायम गरिनेछ।

(घ) सामुहिक व्यवसाय गर्नको लागि सहकारी संस्था आफैले लिएको सहुलियत ऋणको हकमा ऋणको व्याजदर ३ प्रतिसत कायम गरिनेछ।

**१०. जरिवाना सम्बन्धि व्यवस्थाः**

(क) कृषि तथा पशुपालन व्यवसाय प्रबर्धन कोष र सहकारी संस्था विच भएको सम्झौता बमोजिम तोकिएको समयमा साँवा र ब्याज भुक्तानी नगरेमा देहाय वमोजिम जरिवाना लाग्ने छ।

(१) म्याद नाघेको ६ महिनासम्म १ प्रतिसत जरिवाना लाग्नेछ।

(२) म्याद नाघेको छ महिना पश्चयात प्रति बर्ष थप १ प्रतिसतका दरले जरिवाना लाग्नेछ।

## परिच्छेद —७

## विविध

**११. खारेजी र बचाउः**

(क) विगतमा लघु उद्यम, कृषिजन्य उत्पादन, प्रोत्साहन र ऋण सहायता कोषबाट भएका काम कारवाहिहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ख) लघु उद्यम, कृषिजन्य उत्पादन, प्रोत्साहन र ऋण सहायता कोष सञ्चालन कार्यविधि २०७५ खारेज गरिएको छ।

(ग) यस कार्यविधिमा कुनै हेरफेर तथा थपघट गर्नु परेमा गाउँकार्यपालिकाको बैठकद्धारा शंसोधन गर्न सकिनेछ।

आज्ञाले

गोरखनाथ मिश्र

प्रमुख प्रशासकीय अधिकृत